भानु नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
फुसेटार, तनहुँ

**भानु नगरपालिका क्षेत्रधिकार भित्रको नदिजन्य पदार्थ (ढुङ्गा, गिटि, बालुवा आदी) उत्खनन् तथा विकी सम्बन्धी गोप्य शिलवन्दी बोलपत्र आव्हानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७५/०६/१०

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान (दफा ११ र ६४) एवं भानु नगरपालिका, नगर कार्यपालिकाको निर्णय वमोजिम आ.व.२०७५/०७६ को लागि यस कार्यालयले तोकेको दररेटको आधारमा बार्षिक न्यूनतम रकमबाट बढाबढ हूने गरी भानु नगरपालिका क्षेत्र अर्न्तगत पर्ने देहायका शीर्षकहरुमा ठेक्का बन्दोबस्त गर्नूपर्ने भएकोले यस सम्बन्धी कार्यको ठेक्का लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष ०७३/०७४ को कर चूक्ताको प्रमाणित प्रतिलिपीहरु पेश गरी रितपुर्वकको गोप्य शिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

**नदिजन्य पदार्थ संकलन, विकी तथा उत्खनन् कर:**

| ठेक्का नं. | विवरण | न्यूनतम अंक (कर बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी रकम | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| १/०७५/०७६ | बालुवाघाट, भानु १ | ४०,००,०००।०० ( चालीस लाख) | ३०००।- (तीन हजार) | कबोल अंङ्कको ५ प्रतिशत | ३० दिन भित्र |
| २/०७५/०७६ | आमवोटे थपसहित १ र २, भानु २ | ८,००,०००।०० ( आठ लाख) | १,५००।- ( एक हजार पाच सय ) | कबोल अंङ्कको ५ प्रतिशत | १५ दिन भित्र |
| ३/०७५/०७६ | खहरेघाट, भानु ३, मस्याङ्गदी नदिको ढुंगा गिटि बालुवा | ४,००,०००।०० (चार लाख ) | १,५००।- ( एक हजार पाच सय ) | कबोल अंङ्कको ५ प्रतिशत | १५ दिन भित्र |
| ४/०७५/०७६ | चाम्बास घाट, भानु ३ | ८,००,०००।०० ( आठ लाख) | १,५००।- ( एक हजार पाच सय ) | कबोल अङ्कको ५ प्रतिशत | १५ दिन भित्र |
| ५/०७५/०७६ | वलिफाँट घाँट, भानु ८ | ९,००,०००।०० ( नौ लाख) | १,५००।- (एक हजार पाच सय ) | कबोल अंङ्कको ५ प्रतिशत | १५ दिन भित्र |
| ६/०७५/०७६ | वेनीवगर घाँट, भानु ८ | ४,००,०००।०० ( चार लाख) | १५००।- (एक हजार पाच सय ) | कबोल अंङ्कको ५ प्रतिशत | १५ दिन भित्र |
| ७/०७५/०७६ | पातालघाट, भानु ९ | १२,००,०००।०० ( बाह्र लाख) | ३,०००।- (तिन हजार) | कबोल अंङ्कको ५ प्रतिशत | ३० दिन भित्र |
| ८/०७५/०७६ | पाउंदी घाट, भानु ११ | ७,००,०००।०० (सात लाख) | १,५००।- (एक हजार पाच सय ) | कबोल अंङ्कको ५ प्रतिशत | १५ दिन भित्र |
| ९/०७५/०७६ | ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, जडीबुटी, कवाडी लगायत अन्य स्थानिय तहाबाट निकासी हुने सामागीको निकासी शुल्क उठाउने | २५,००,०००।०० (पच्चीस लाख मात्र) उल्लेखित अंक एक आ. व. को मानी सम्झौता मितिले दामासाही रूपमा हिसाव गरी लिईनेछ । | ३०००।०० ( तीन हजार) | कवोल अङ्कको ५% | ३० दिन भित्र |

श प्रसाद बदु
व-इन्जिनियर

ऋषिभक्त वाग्ले
बरिष्ठ कार्यक्रम अधिकृत

राजेन्द्रदेव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुंदेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल

पुनश्चः

- प्रदेश सरकारले तोके बमोजिम (मुल्य अभिबृद्धी कर बाहेक ) नदिजन्य पदार्थ (रोडा, गिट्टी, ग्रेगान, ढुङ्गा, चट्टान, स्लेट आदी) को दर प्रति क्यू. फिट रु ४।-(चार), वालुवा, चिप्सको रु ३।- (तीन), माटो २ (दुई) रुपैया, चुनढुङ्गा ६ (छ) रुपैया र नदी तथा खोलाले बगाएर ल्याएको काठ दाउरा आदि प्रति किलो (२) दुई रुपैयां हुनेछ ।
- निकासी सम्बन्धी दररेट बोलपत्र फाराम सगै उपलब्ध गराईने छ ।

**<u>बोलपत्र सम्बन्धी शर्तहरुः-</u>**

- ठेक्का नं १, ७ र ९ को वोलपत्र फारम सूचनाको मितिले ३० औं दिन फारम सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको लेखा शाखावाट खरिद गर्न सकिनेछ र बोलपत्र बुझाउदा यस कार्यालयको ग्लोबल आई एम ई बैकं मा रहेको च.हि. नं C२०४०१००००००४ मा तोकिएको दस्तुर जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्ने छ । यस कार्यालयवाट खरिद भएका वोलपत्र ३१ औं दिनको १२:०० वजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका वोलपत्र सोही दिनको १:०० वजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।
- ठेक्का नं २, ३, ४, ५, ६ र ८ को वोलपत्र फारम सूचनाको मितिले १५ औं दिन गते सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको लेखा शाखावाट खरिद गर्न सकिनेछ र बोलपत्र यस कार्यालयको ग्लोबल आई एम ई बैकं मा रहेको च.हि. नं C२०४०१००००००४ मा तोकिएको दस्तुर जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्नें छ । यस कार्यालयवाट खरिद भएका वोलपत्र १६ औं दिन दिनको १२:०० वजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका वोलपत्र सोही दिनको १:०० वजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।
- उल्लेखित ठेक्काहरुको ठेक्का अवधी सम्झौता मिति देखी २०७६ जेष्ठ मसान्तसम्म मात्र हुनेछ ।
- यस कार्यालयवाट प्रमाणित भएको वोलपत्र फाराम स्वयं वा रितपूर्वकको वारेस निवेदन पठाई तोकिएको दस्तुर वुझाई खरिद गर्न सकिनेछ ।
- जुनसुकै ठेक्काको ठेक्का बन्दोबस्त गर्न कर शुल्क उठाउने दररेटको विवरण बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ ।
- वोलपत्र खरिद गर्दा निवेदन सहित नेपाली नागरिकताको प्रमाण-पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७३/०७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।
- वोलपत्र फाराम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको ग्लोबल आई एम ई बैकं मा रहेको च.हि. नं C२०४०१००००००४ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्रको लागि वोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।
- वोलपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन विदा परेमा सो को भोलिपल्ट सोही समय र स्थानमा गरिने छ ।
- बोलपत्र स्वीकृत भएपछि बोलपत्र दाताले ठेक्का संझौता गर्न आउदा सम्झौता रकमको स्वीकृत अङ्कको ५% ले हुने रकम यस कार्यालयको आई एम ई बैकं मा रहेको च.हि. नं C२०४०१००००००४ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा २०७६ आषाढ मसान्तसम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । एक मुष्ठ भुक्तानी गरिएकोमा बैक धरौटी पेश गर्नुपर्नेछैन ।
- ठेक्का सम्झौता गर्दा कवुल अङ्कमा १३ % मुल्य अभिबृद्धि कर र नियम अनुसार लाग्ने अन्य कर जोडी कुल सम्झौता रकम कायम गरिने छ ।
- स्वीकृत ठेक्का अङ्कलाई (तीन) किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०% दोश्रो किस्ता २५% र अन्तिम किस्ता २५% गरी ३ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता ५०% सम्झौता गर्न अगावै दाखिला गरि बाँकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकले यस कार्यालयको नाममा जारी गरेको

दिनेश प्रसाद बढु

ऋषिभक्त वाग्ले
कार्यक्रम अधिकृत

राजेन्द्रदेव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

कम्तीमा २०७५ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ । किस्ता अनुसार १.५ प्रतिसत अग्रिम आयकर र १३ प्रतिशत मुल्य अभिवृद्धि कर समेत जोडी कार्यालयमा रकम बुझाउनु पर्नेछ ।

- स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका वखत एकमुष्ठ बुझाउन चाहेमा बढिमा १०% सम्म छुट दिन सकिनेछ ।
- तोकिएको किस्ता म्याद भित्र नवुझाएमा ठेक्का तोडी बाँकी रहेको किस्ता बैक ग्यारेण्टीवाट असुल उपर गर्न सकिनेछ । अशुल गर्न बाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।
- कुनै शर्त राखी पेश गरेको, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
- ठेक्का स्वीकृत भई कार्यादेश दिई सकेपछि वन्द, हडताल, चक्का जाम, वा अन्य कुनै कारण देखाई मिनाहा वा छुट माग दावी गर्न पाईने छैन ।
- ठेक्का सम्झौता गर्दा राखेको ५% धरौटी रकम २०७४/०७५ को करचुक्ता पेश गरेपछि फिर्ता दिईने छ ।
- वोलपत्रदाताले ढुङ्गा, गिट्टी, वालुवा, आन्तरिक विक्रि गर्दा उक्त आ.व. को लागि नगर सभाले तोकेको दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गर्न पाईने छैन । उक्त दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गरेमा ठेक्का सम्झौता तोडिनेछ ।
- नगरपालिकाबाट सिफारिस भै आएमा माथिउल्लेखित घाटबाट सम्झौतामा उल्लेख भए वमोजिमको परिणामको नदिजन्य पदार्थ निशुल्क उपलब्ध गराउनु पर्नेछ ।
- वोलपत्र दाताले मासिक रुपमा आफुले उत्खनन् गरेको परिमाणको विवरण अनिवार्य रुपमा नगरपालिकामा पेश गर्नुपर्नेछ ।
- पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सूचना र वोलपत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- बिस्तृत जानकारीका लागी यस कार्यालयको लेखा शाखामा, कार्यालय समय भित्र फोन नं. ९८५६००५१११ मा सर्म्पक गरी जानकारी लिन सकिनेछ ।

**निकासी सम्बन्धी थप शर्त ( ठेक्का नं ९ को लागि मात्र )**

- वोलपत्रदाताले ढुङ्गा, गिट्टी, वालुवा, ईट्टा, माटो, स्लेट ढुङ्गा, ब्लक निकासी तथा पटके शुल्क संकलन गर्दा उक्त आ.व. को लागी नगरपालिकाले तोकेको दररेट भन्दा वढी हुने गरी निकासी गर्न पाईने छैन । उक्त दररेट भन्दा वढी हुने गरी रकम संकलन गरेमा ठेक्का सम्झौता तोडिनेछ।
- वोलपत्रदाताले मासिक रुपमा आफुले निकासी गरेको परिमाणको विवरण अनिवार्य रुपमा नगरपालिकामा पेश गर्नुपर्नेछ ।
- अन्य स्थानीय तहबाट शुल्क, दस्तुर, कर लिई विल भर्पाई पेश गरेको अवस्थामा पुन : निकासीकर लिन पाईने छैन ।

प्रसाद बढु
सव-इन्जिनियर

ऋषिभक्त वाग्ले
वरिष्ठ कार्यक्रम अधिकृत

राजेन्द्र देव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

राजेन्द्र देव पाण्डे
प्रमुख प्रशासकीय अधिकृत